**Voice of Teacher,** Vol. 9, No. 1, December 2024
DOI: https://doi.org/10.3126/vot.v9i1.89495

ISSN 2362-1419

# नारी एक अनुरोध कवितामा लयविधान

**मनमाया पोखेल**
उपप्राध्यापक नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं ।
Email: manmayapokharel@gmail.com
https://orcid.org/0009-0005-7002-5398

Received date: 16 Feb.. 2024 | Reviewed date: 15 Nov. 2025 | Approved date: 25 Dec. 2025

## लेखसार

*प्रस्तुत लेखमा मुकुन्दशरण उपाध्यायद्वारा लिखित नारी : एक अनुरोध कवितामा प्रयुक्त लयविधानको अध्ययन गरिएको छ । यसमा कवितामा लय सिर्जना गर्ने मुख्य युक्तिहरू पङ्क्तिविन्यास, समानन्तरता, विचलन, विपरीतता, सम्बोधन र लेख्यचिन्हहरूका आधारमा उक्त कवितामा प्रयुक्त लयविधानको विश्लेषण गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको बनेको छ । शास्त्रीय छन्दमा लेखिएको प्रस्तुत कवितामा मन्दाक्रान्ता छन्दका सम्पूर्ण अभिलक्षणहरू प्रयोग भएकाले यसको पङ्क्ति- विन्यास सुनियोजित रहेको छ । स्वर तथा व्यञ्जन वर्णहरूको पुनरावृत्ति गरी शब्दालङ्कारको सुन्दर प्रयोग गरिएको यस कवितामा अन्तरानुप्रासले उत्कृष्ट लय सिर्जना गरेको छ । व्याकरणिक पदक्रम तथा वैचारिकताको विचलन भएको प्रस्तुत कवितामा नारी पुरुषका स्वभावगत विपरीतता, प्राचीनतम र अधुनातन तथा पूर्वीय र पाश्चात्य संस्कृतिगत विपरीतता देखाइएको छ । यसबाट कवितामा सुन्दर लय सिर्जना भई अर्थगाम्भीर्य प्रकट भएको छ । यस कवितामा युगौँदेखि चल्दै आएको नारीपुरुष बिचको भेदभावपूर्ण सम्बन्ध हटेर समतामूलक समाजको निर्माण गर्न आग्रह गर्दै युवाहरूलाई सम्बोधन गरिनुका साथै कवितामा सूचक, विस्मयादिबोधक, तथा योजक चिह्नलाई प्रयोजनपूर्ण तरिकाले प्रयोग गरिएको छ । यसले कवितामा भावगाम्भीर्य प्रकट गर्नुका साथै लयगत विशिष्टता प्राप्त गरेको निष्कर्ष निकालिएको छ । कविता विश्लेषणका लागि पाठविश्लेषणात्मक विधि अपनाइएको छ ।*

**शब्दकुञ्जी :** *अबला, गेहदासी, देहप्यासी, पङ्क्तिविन्यास, विचलन, वीराङ्गना, समानन्तरता*

## १. विषयपरिचय

मुकुन्दशरण उपाध्याय (१९९७) शास्त्रीय छन्दलाई प्रयोग गरी कविता लेख्ने छन्दवादी कवि हुन् । पोखराको हेम्जा भन्ने ठाउँमा जन्मिएका उपाध्याय भाषाशास्त्रीसमेत हुन् । उनीद्वारा लिखित प्राकृत पोखरा नामक कृतिले २०२१ सालको 'मदन पुरस्कार' प्राप्त गरेको हो । उनले आफ्ना कवितामा सामाजिक विषयवस्तुलाई सूक्ष्मताका साथ प्रस्तुत गरेका छन् । नारीलाई सम्मान र श्रद्धाभाव व्यक्त गर्ने मुकुन्दशरणका कवितामा नारी स्वभाव र सौन्दर्यको चित्रण गरिएको पाइन्छ । नारीलाई प्रकृति मान्ने मुकुन्दशरणका कवितामा नारी जागरण र उद्बोधनका स्वरहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् ।

उनका कवितामा समाजमा दबिएका  नारीहरू जागरुक भएर पुरुषहरूको दासत्वबाट मुक्त भई नयाँ र नौला सिर्जनात्मक कार्यमा सम्लग्न हुनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । उपाध्यायका कवितामा नारीलाई लाजसङ्कोच त्यागेर समाजका हरेक गतिविधिमा पुरुषसरह सक्रिय बन्न अभिप्रेरित गरिनुका साथै युवाहरूलाई लैङ्गिक भेदभाव हटाई समतामूलक समाजको निर्माणमा जुट्न अनुरोध गरिएको छ । मुकुन्दशरणद्वारा लिखित 'नारी : एक अनुरोध' कविता समाजमा विद्यमान लैङ्गिक विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने उद्देश्यले लेखिएको हो । यसमा युवापुस्तामा नारीप्रतिको समानतामूलक भाव जागृत गराउन खोजिएको छ  । कवितामा पुरुषहरूले नारीलाई गेहदासी र नारीहरूले पुरुषलाई देहप्यासी नमानून् भन्ने कविको चाहना व्यक्त हुनाका साथै नारीहरूलाई वीराङ्गना मान्दै अबला नभन्न आग्रह गरिएको छ । त्यसैगरी नारीहरूले आफ्ना देशका साथै अन्य मुलुकका उच्च आदर्शहरूको अनुशरण गर्दै स्वतन्त्रताको उपभोग गरी सभ्य र सुशिक्षित बनेर रहनसक्ने परिस्थिति सिर्जना होस् भन्ने आशय व्यक्त गरिएको छ । शास्त्रीय छन्दमा लेखिएको प्रस्तुत कविता लयविधानका दृष्टिले निकै सशक्त रहेको छ । कविताभित्र अन्तर्निहित साङ्गीतिक प्रवाह नै लय हो । कवितामा प्रयुक्त लयलाई सुव्यवस्थित रूपमा समायोजन गर्ने पद्धतिलाई लयविधान भनिन्छ । यो कविताको मुख्य परिचायक तत्त्व पनि हो । पद्य र गद्य गरी लयविधानका आधारमा कवितालाई दुई प्रकारमा विभाजन गरिन्छ । निश्चित शास्त्रीय नियममा रचिएका छन्दयुक्त कवितालाई पद्य कविता भनिन्छ भने शास्त्रीय नियममा नबाँधिई स्वतन्त्र रूपमा लेखिएका कविता नै गद्य कविता हुन् । गद्य कवितामा पनि आन्तरिक लयविधानचाहिँ कायम रहेको हुन्छ । यसरी हेर्दा, छन्दोबद्ध वा छन्दमुक्त जुनसुकै कवितामा पनि यसको संरचनागत स्वरूपका आधारमा लय सिर्जना भएको हुन्छ । कवितामा लयको आयोजना गर्नु नै लयविधान हो ।

## २. अध्ययनविधि तथा सामग्री

प्रस्तुत लेखलाई प्रामाणिक निष्कर्षमा पुऱ्याउनका लागि प्राथमिक तथा द्वितीय दुवै स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । यस लेखमा मुकुन्दशरण उपाध्यायद्वारा लिखित 'नारी : एक अनुरोध' कवितालाई प्राथमिक स्रोतको सामग्रीका रूपमा प्रयोग गरिएको छ भने कवितामा प्रयुक्त लयविधानको सैद्धान्तिक र समीक्षात्मक विश्लेषण गर्न प्रयोग गरिएका विभिन्न विद्वान् समालोचकहरूका पुस्तकहरू तथा विभिन्न पत्रपत्रिकाका सामग्रीहरू वा वेभसाइडबाट प्राप्त सामग्रीहरूलाई द्वितीय स्रोतका सामग्रीका रूपमा लिइएको छ । आवश्यक सबै सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन् । कवितामा प्रयुक्त लयविधानको विश्लेषण गर्न काव्यात्मक लयविधानको सैद्धान्तिक मान्यतालाई आधार बनाई पाठविश्लेषण पद्धति अपनाइएको छ । प्रस्तुत अध्ययन साहित्यिक अध्ययन भएकाले यो गुणात्मक प्रकृतिको रहेको छ ।

## ३. सैद्धान्तिक पर्याधार

साहित्यका प्रमुख विधाहरूमध्ये कवितालाई सबैभन्दा पुरानो र जेठो विधा मानिन्छ । 'कवि वर्णने' धातुबाट बनेको 'कवि' शब्दमा 'ता' प्रत्यय जोडिएर बनेको कविता शब्दले कविको गुण वा धर्मलाई बुझाउँछ (नेपाल, २०६८, पृ. १) । पूर्वीय तथा पाश्चात्य साहित्य परम्परामा प्राचीन कालदेखि नै विभिन्न साहित्य चिन्तकहरूले कवितासम्बन्धी आ-आफ्ना धारणाहरू व्यापक रूपमा प्रस्तुत

गर्दै आएका छन् । यसक्रममा पूर्वीय साहित्यशास्त्रीहरूले सिङ्गो साहित्यको पर्यावाची शब्दका रूपमा काव्य (कविता) शब्दको प्रयोग गरेका छन् । पश्चिमी साहित्यिक चिन्तकहरूका अवधारणाहरू पूर्वीय साहित्यमाजस्तो समग्र साहित्यका लक्षण वा परिभाषाका रूपमा नभई कविता विषयमै केन्द्रित छन् (बुढा, सन् २०२१, पृ. ६५) ।  तिनले कवितालाई साहित्यका अन्य विधाभैँ स्वतन्त्र विधाका रूपमा परिभाषित गरेका छन् । पश्चिममा कवितालाई कल्पना, संवेग वा मनोवेग, भावना, विचार, लय, सङ्गीत र भाषिक अभिव्यक्तिगत विशिष्टताका आधारमा चिनाइएको छ । नेपाली साहित्य परम्परामा कविताको आफ्नै प्रकारको वैशिष्ट्य रहेको छ । यसमा कविताको समग्र स्वरूप र संरचनालाई एउटै परिभाषाद्वारा परिचित गराउन सकिँदैन तर यसको युगीन प्रतिनिधित्व र यसका सबै तत्त्वहरूको समन्वितिबाट कविताको परिभाषा निर्माण गरिएको छ (लुइटेल, २०६२, पृ. १४) । कविताका तत्त्वहरू अन्तर्गत शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, भावविधान, बिम्ब र अलङ्कारविधान र व्यञ्जना आदि पर्छन् । कविताका उपर्युक्त संरचनात्मक घटकहरूमध्ये लयविधानले कवितालाई अन्य विधाबाट पृथक पहिचान प्रदान गरेको हुन्छ । अतः लयविधान कविताको मुख्य विधागत परिचायक स्वरूप हो । यो भाषिक स्वर-व्यञ्जन वर्णका ध्वनिको साम्यवैषम्य दुवैको वितरण प्रक्रियाको कालगत प्राप्ति हो (त्रिपाठी, २०५४, पृ.१८) । कविताका पाउ वा चरण तथा पङ्क्तिको गति र यतिबाट लयविधानको निर्माण भएको हुन्छ ।

लयविधानले कविताभित्र रहने साङ्गीतिक प्रवाहलाई बुझाउँछ । ‘ली’ धातुमा अच् प्रत्यय लागेर बनेको लय शब्दको व्युत्पत्तिगत अर्थ हेर्दा यसले एकाग्रता, तन्मय, विलयन र सङ्गीतको आरोह अवरोहलाई बुझाउँछ । मूलतः लय कविताको मूल आधार हो । यसले कवितालाई मिठासपूर्ण र श्रुतिमधुर बनाउने काम गर्छ । कुनै पनि कवितालाई छन्द, अलङ्कार, समानान्तरता, विचलन आदिले लयबद्ध बनाउँछन् । कवितामा विशिष्ट भाषिक विन्यासबाट लयसिर्जना गरिएको हुन्छ ।

कविताका गद्य र पद्य दुई रूपहरू प्रचलनमा रहेका छन् । गद्य कविता भनेको छन्दमुक्त कविता हो । यस्ता कविताहरू परम्परित छन्द, नियमित आघात, पङ्क्ति वा श्लोकसङ्ख्या आदिमा नबाँधिई सहज, स्वभाविक, स्वतस्फूत रूपमा र अनियमित पङ्क्ति योजनामा रचना गरिएका हुन्छन् । गद्य कवितामा पङ्क्तिविन्यासको असमान वितरण हुनाका साथै त्यस्ता कविताहरू असमान, अनियमित र विविधतापूर्ण क्रममा रचना गरिएका  हुन्छन् । गद्यकवितामा शब्द, पङ्क्ति र वाक्य योजनाको विविधता र अनेक रूपता पाइन्छ (शर्मा, २०७३, पृ. २) । गद्यकवितामा छन्दको निश्चित र नियोजित बन्धन हुँदैन तापनि त्यस्ता कवितामा आन्तरिक लयविधान भने रहेकै हुन्छ ।

छन्दको अनुशासनमा रहेर लेखिएका कविता पद्य कविता हुन् । यस्ता कविताहरू शास्त्रीय नियममा आधारित हुन्छन् । तिनमा गण, गति, यति तथा लयको सचेततापूर्वक प्रयोग गरिएको हुन्छ । त्यस्तै पद्य कवितामा अनुप्राशीय योजना, नियमित र नियोजित हुन्छ । यस्ता कविताहरूमा स्वभावतः गेयात्मकता हुने भएकाले पद्य कविताहरू लयात्मक हुन्छन् । मूलतः पद्य कवितामा छन्दका नियमलाई अक्षरशः पालना गरिने हुँदा त्यस्ता कविताहरू स्वतः रूपमै लयात्मक हुन्छन् । कविताको लयविधानको विश्लेषण गर्ने विभिन्न आधारहरू (युक्तिहरू) हुन्छन् । मूलतः कवितामा लयविधानको विश्लेषण पङ्क्तिविन्यास, समानन्तरता, विचलन, विपरीतता, सम्बोधन र लेख्यचिन्हहरूको प्रयोगजस्ता युक्तिहरूका आधारहरू गर्न सकिन्छ ।

## ३. नारी : एक अनुरोध कविताको लयप्रवाहगत विश्लेषण

नारी : एक अनुरोध कविता शास्त्रीय छन्दमा रचिएको कविता हो । तीन श्लोकमा रचिएको प्रस्तुत कवितामा मन्द्राक्रान्ता छन्दको प्रयोग गरिएको छ । यस लेखमा कवितामा लय सिर्जना गर्ने उपर्युक्त युक्तिहरूको सङ्क्षिप्त परिचय दिँदै तिनकै आधारमा प्रस्तुत कवितामा प्रयुक्त लयविधानको विश्लेषण गरिएको छ ।

### ३.१ पङ्क्तिविन्यास

पङ्क्तिविन्यासमा कुनै पनि कवितामा कति अनुच्छेद वा श्लोकहरू छन् अथवा कवितामा पङ्क्ति सङ्ख्या कति छन्, शब्द कति छन्, तिनलाई कसरी वितरण गरिएको छ जस्ता कुराहरूको अध्ययन गरिन्छ । कविताको लयविधानका लागि पङ्क्तिविन्यास एउटा महत्त्वपूर्ण आधारतत्त्व हो (शर्मा, २०७६, पृ. ४) । यसमा कवितामा पङ्क्तिगत तथा शब्दगत वितरणमा समानता वा असमानता के कस्तो स्थिति छ भन्ने कुराको अध्ययन गरिन्छ । कविताका पङ्क्तिमा समान अक्षर भएका समान शब्दहरू वितरण भएमा नियमित लय र अक्षर वा शब्दको असमान वितरणले लयमा विविधताको सिर्जना गर्छ । त्यस्तै पङ्क्तिमा शून्य शब्दको वितरण हुन पनि सक्छ । सामान्यत: शास्त्रीय छन्दमा लेखिएका कवितामा पङ्क्तिविन्यास सुनियोजित हुनेहुँदा त्यस्ता कवितामा नियमित लयसिर्जना भएको हुन्छ तर गद्यकवितामा अनुच्छेदभित्रका पङ्क्तिसङ्ख्या वा पङ्क्तिभित्रका शब्दसङ्ख्यामा समानता नहुनेहुँदा त्यस्ता कवितामा नागबेली लयसिर्जना हुनजान्छ । त्यस्तै एउटै वाक्य पनि पङ्क्तिहरूमा खण्डीकरण भएको पनि हुनसक्छ । यसले विशेष लय सिर्जना गर्छ । यसरी हेर्दा, कवितामा लय सिर्जनाका लागि पङ्क्तिविन्यास महत्त्वपूर्ण आधारतत्त्व हो ।

नारी : एक अनुरोध कविता शास्त्रीय छन्दमा संरचित कविता हो । यसमा मन्दाक्रान्ता छन्दको सफल प्रयोग गरिएको छ । यस छन्दका लक्षण म, भ, न, त, त, गण र अन्त्यमा दुई अक्षर गुरु रहेका हुन्छन् (थापा, २०५०, पृ.२९४) । यसमा सत्र अक्षरको एक पाउ तथा चार पाउको एक श्लोक हुन्छ । मन्द्राक्रान्ता छन्दको यही मान्यता कायम भएको यस कवितामा तीनवटा श्लोकहरू रहेका छन् । त्यसैले आकारगत दृष्टिले यो लघु आकारमा रहेको छ । शास्त्रीय छन्दमा संरचित कविता भएकाले यसको पङ्क्तिविन्यास सुनियोजित छ । प्रत्येक पाउको चौथो र छैटौँ अक्षरमा विश्राम छ । व्यवस्थित पङ्क्ति- विन्यासले यस कवितामा विशिष्ट लय उत्पन्न गरी कवितालाई श्रुतिमधुर बनाएको छ । जस्तै:

ल्याईदेऊ युवकहरू हो ! एक त्यस्तो समाज
जस्मा नारी पुरुष दुईकै मेटियोस भेदभाव
पत्नीलाई पुरुषहरूले गेहदासी नठानून्
लोग्नेलाई युवतिहरूले देहप्यासी नमानून् (गौतम र एटम, २०७४, पृ २०३) ।

उपर्युक्त कवितांश नारी : एक अनुरोध कविताको पहिलो श्लोक हो । यसमा मन्दाक्रान्ता छन्दका उपर्युक्त सबै अभिलक्षणहरू पालना गरिएको छ । तिनले कवितामा विशिष्ट लयको सिर्जना गरेका छन् । एवम् प्रकारले कविताका अन्य दुई श्लोकमा पनि मन्दाक्रान्ता छन्दको सफल प्रयोग गरिएको छ ।

### ३.२ समानन्तरता

भाषा प्रयोगमा नियमित पुनरावृत्तिलाई समानन्तरता भनिन्छ । त्यसैले समानन्तरता भनेको बढी नियमितताको पालना हो (शर्मा, २०४८, पृ. १०) । समान वर्ण, शब्द, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदको आवृत्ति हुँदा समानन्तरताको सिर्जना हुन्छ । समानन्तरता आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । कविताको भाव, विचार वा कथ्यमा देखिने पनुरावृत्ति आन्तरिक समानन्तरता हो भने भाषाको बाह्य स्वरूप, ध्वनिदेखि वाक्य वा अनुच्छेदसम्म हुने पुनरावृत्ति बाह्य समानन्तरता हो। कवितामा हुने यस प्रकारको पुनरावृत्तिले विशिष्ट लयको सिर्जना गरेको हुन्छ । त्यसैले कविताको लयविधानमा समानन्तरताको महत्त्वपूर्ण भूमिका हुन्छ ।

समानन्तरताका आधारमा विवेच्य कविताको विश्लेषण गर्दा यस कवितामा क, ग, द, प, य जस्ता व्यञ्जन वर्णहरूको पुनरावृत्ति बढी मात्रामा भएको पाइन्छ जसमा 'क' वर्ण एघार पटक, 'ग' वर्ण तेह्र पटक, 'द' दश पटक, 'य' वर्ण नौ पटक, र 'प' वर्ण आठ पटक दोहोरिएका छन् । यसरी हेर्दा कवितामा स्पर्शी वर्णहरू क, ग, द, प को पुनरावृत्ति अधिक भएको पाइन्छ । त्यसै गरी स्वरवर्णहरू अ, आ, उ, ऊ पनि दोहोरिएका छन् । उक्त वर्णहरूको पुनरावृत्तिले कवितामा छेकानुप्रास र अन्तरानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग भई विशिष्ट लय सिर्जना भएको छ। प्रस्तुत कवितामा नारी शब्द दुई पटक प्रयोग भएको छ भने नारीलाई बुझाउने समानार्थी शब्दहरू नारी, पत्नी, युवति, महिला, अवला, वीराङ्गना, गेहदासी सात पटक प्रयोग गरिएका छन् । कवितामा स्त्रीलिङ्गी व्यक्तिवाचक नाम बुझाउने शब्दहरू दुर्गा, सीता, गार्गी पटक पटक प्रयोग भई नारी पनि पुरुष जत्तिकै सबल छन् भन्ने भाव सशक्त रूपमा व्यक्त गरिएको छ। पुरुष शब्द दुई पटक प्रयोग भएको छ भने पुरुषलाई बुझाउने समानार्थी शब्द युवक, पुरुष, लोग्नेमान्छे र देहप्यासी गरी चार पटक मात्र प्रयोग गरिएका कारण पनि कविताले नारी सशक्तीकरणलाई विशेष जोड दिएको देखिन्छ। कवितामा पहिलो श्लोकको पहिलो पाउमा 'समाज' र दोस्रो पाउमा भेदभाव शब्द तथा तेस्रो पाउको अन्त्यमा 'नठानून' र चौथो पाउमा 'नमानून' शब्दको प्रयोग गरी अन्त्यानुप्रास सिर्जना गरिएको छ। त्यसबाट कवितामा विशिष्ट लय उत्पन्न भएको छ। यसप्रकारको अन्त्यानुप्रासियता कविताका हरेक श्लोकमा उत्तिकै सशक्त रूपमा प्रयोग भएको छ। त्यसै गरी ङ, न जस्ता पञ्चम वर्ण तथा चन्द्रविन्दुको प्रयोगले कवितामा विशिष्ट लय सिर्जना गरी मिठास थपेका छन्। उदाहरका लागि कविताको दोस्रो श्लोकलाई यहाँ प्रस्तुत गरिएको छ :

> दुर्गा उस्को स्वरूप पहिलो दैत्यको दर्प भाँची
> सीता अर्को स्वरूप उसले अग्नि कुल्चेर हाँसी
> गार्गी उस्कै स्वरूप जसले ज्ञान गङ्गा बगायो
> नारीलाई नभन अबला ऊ त वीराङ्गना हो। (गौतम र एटम, २०७४, पृ २०३)

यसरी उपर्युक्त कवितांशमा स्वर तथा व्यञ्जन वर्णको पुनरावृत्ति, छेक्कानुप्रास र अन्त्यानुप्रासजस्ता शब्दालङ्कारको उचित प्रयोग तथा पञ्चम वर्ण र चन्द्रविन्दुको प्रयोगले कवितामा विशिष्ट लय सिर्जना गरेको छ ।

## ३.३ विचलन

विचलन कवितामा लय सिर्जना गर्ने विभिन्न युक्तिमध्ये एक हो । यसले भाषाका मानक रूपमा हुने क्रम भङ्गतालाई जनाउँछ । यसले कविताको अर्थ र लयमा विशिष्ट सौन्दर्य सिर्जना गर्छ । त्यसैले कविताको लयविधानमा विचलनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । साहित्यमा सौन्दर्य सिर्जनाका लागि गरिने प्रचलित मानक नियमको उल्लङ्घन नै विचलन हो (एटम, २०७४, पृ. २१३) । यसले कविताको अर्थ र लयमा विशिष्ट सौन्दर्य सिर्जना गर्ने भएकाले कविताको लयविधानमा विचलनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि कवि वा साहित्यकारले आफ्ना साहित्यिक रचनामा व्यङ्गार्थ भाव सिर्जना गरी साहित्यिक सौन्दर्य निर्माण गर्नका लागि भाषिक प्रयोगमा स्वतन्त्रता प्राप्त गरेको हुन्छ । यसै स्वतन्त्रताका आधारमा उसले साहित्यिक सिर्जनाका क्रममा व्याकरणका मानक नियमहरूको क्रमभङ्ग गरेको हुन्छ । यही क्रमभङ्गता नै विचलन हो । विचलनले अभिव्यक्तिलाई ताजा गराउनाका साथै चिन्तनलाई समेत लयात्मक प्रवाह प्रदान गर्छ । यसले कवितामा छन्द मिलाउन पनि विशेष भूमिका निर्वाह गर्छ । भाषिक विचलन, कोशीय विचलन, आर्थी विचलन, ध्वनि क्रमगत विचलन, रूपतात्त्विक विचलन, वाक्यात्मक विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन, ऐतिहासिक विचलन तथा लिपिगत विचलन आदि यसका विविध प्रकार हुन्छन् (एटम, २०७४, पृ.२१४) । यो तुलनात्मक रूपमा कृत्रिम खालको लयात्मकता भएकाले यसलाई उत्कृष्ट लयविधान नमानिए पनि यो लय सिर्जना गर्ने तरिकाचाहिँ हो ।

विचलनका आधारमा विवेच्य कविताको विश्लेषण गर्दा यस कवितामा व्याकरणिक पदक्रम तथा वैचारिकताको विचलन भएको पाइन्छ । त्यसै गरी यसमा विपरीतार्थक शब्दहरूमा आउने (युग्महरू) जोडा शब्दमा पनि विचलन देखिन्छ । यसले कवितामा विशिष्ट लयको सिर्जना गरेको छ । कविताको पहिलो श्लोकको पहिलो र दोस्रो पाउमा व्याकरणिक विचलन भएको छ । पहिलो श्लोकका पहिला दुई पङ्क्तिहरूको स्वरूप व्याकरणिक पदक्रममा राख्दा त्यस वाक्यको ढाँचा यस्तो हुन्छ - 'युवकहरू हो त्यस्तो एक समाज ल्याईदेऊ जस्मा नारी पुरुष दुईकै भेदभाव मेटियोस्' तर कवितामा उक्त पङ्क्तिहरू व्याकरणिक पदक्रममा राखिएका छैनन्, भग्नाक्रममा राखिएका छन् । त्यस्तै पहिलो श्लोककै तेस्रो र चौथो पङ्क्तिमा नेपाली वाक्य ढाँचाअनुरूप कर्ता, कर्म र क्रियाको क्रम विचलन भई कविताका पङ्क्तिहरू कर्म, कर्ता र क्रियाको क्रममा वितरित भएका छन्, जस्तै :

ल्याईदेऊ युवकहरू हो ! त्यस्तो एक समाज
जस्मा नारी पुरुष दुईकै मेटियोस् भेदभाव
पत्नीलाई पुरुषहरूले गेहदासी नठानून्
लोग्नेलाई युवतिहरूले देहप्यासी नमानून् (गौतम र एटम, २०७४, पृ. २०२)

उपर्युक्त कवितांशको पहिलो श्लोकको पहिलो र दोस्रो पङ्क्तिमा व्याकरणिक पदक्रम विचलन भएको छ । व्याकरणिक पदक्रमअनुसार वाक्यमा कर्ता, कर्म र क्रियाको क्रम हुन्छ तर उपर्युक्त श्लोकको पहिलो पाउको वाक्यको सुरुमा क्रिया त्यसपछि कर्ता र अन्त्यमा कर्म प्रयोग गरिएको छ । त्यस्तै दोस्रो पाउमा क्रियालाई बिचमा राखिएको छ । त्यस्तै तेस्रो र चौथो पाउमा कर्म, कर्ता र क्रियाको प्रयोग गरिएको छ । यसले व्याकरणिक रूपमा वाक्यात्मक विचलन देखिएको छ । त्यसैगरी विपरीतार्थक शब्दहरूमा आउने

(युग्महरू) जोडा शब्दमा पनि विचलन देखिन्छ जस्तै 'पत्नी' को विपरीतार्थक शब्द 'पति' हुनु पर्नेमा 'पुरुष' राखिएको छ भने 'लोग्ने' शब्दको विपरीतार्थक शब्द 'स्वास्नी' हुनुपर्नेमा 'युवति' राखिएको छ। यो विचलन उद्देश्यमूलक ढङ्गले छन्द मिलाउन गरिएको विचलन हो । त्यस्तै कविताले वैचारिकतामा पनि विचलन देखाएको छ । पितृसत्तात्मक संस्कृति बोकेको नेपाली समाजमा पुरुषबाट नारीपुरुषबिचको भेदभाव हटेर समतामूलक समाजको निर्माणको चाहना व्यक्त गरिएको छ । यो एक प्रकारको वैचारिक विचलन हो । यसरी हेर्दा यस कवितामा व्याकरणिक विचलन, विपरीतार्थक शब्द जोडाका प्रयोगमा विचलन हुनाका साथै वैचारिक विचलन भएको छ जसले कवितामा छन्दप्रयोगमा सहयोग पुऱ्याउनाका साथै भाव र विचारलाई पनि सशक्त बनाई विशिष्ठ लय सिर्जना गरेको छ ।

## ३.४ विपरीतता

समान ध्वनि भएका विपरीत अर्थ दिने शब्दहरूको प्रयोगबाट पनि कवितामा लय सिर्जना हुन्छ भने कहिलेकाहीँ अर्थ फरक भएका छुट्टाछुट्टै ध्वनिबाट पनि लय सिर्जना हुन्छ। विपरीतता वाक्यबिचको परस्पर विरोधी वा विपरीत आर्थिक सम्बन्ध हो (जोशी, सन् २०२४, पृ. १९) । यसले शब्द वा अर्थको क्रमलाई विचलन गर्छ। आफैँमा विपरीत देखिने तर सत्य हुनसक्ने अभिव्यक्ति, विपर्यास भावनात्मकभन्दा बौद्धिक, गम्भीरभन्दा चमत्कारपूर्ण र विसङ्गतिभन्दा तार्किक सोचमा आधारित हुन्छ (एटम, २०७४, पृ. २१८) । कुनै पनि कवितामा विपरीतताले त्यस कवितालाई लयात्मक एकत्व प्रदान गर्छ। त्यसैले कवितामा भाषा भनेकै विपर्यासको भाषा हो भन्ने मान्यता समालोचकहरूको पाइन्छ। विपरीतार्थक शब्दहरूको शृङ्खलाले अर्थको लहरसँगै कवितामा लयको माधुर्यसमेत सिर्जना गरेको हुन्छ । अतः कविताको लयविधानमा विपरीतताको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

विपरीतताका आधारमा 'नारी : एक अनुरोध' कविताको विश्लेषण गर्दा यस कविताको पहिलो श्लोकमा गेहदासी विशेषण नारीका लागि प्रयोग भएको छ । यस विशेषणात्मक शब्दले नारीहरू घरका दासी हुन् भन्ने अर्थबोध गराउँछ । त्यही श्लोकको अर्को पङ्क्तिमा 'देहप्यासी' विशेषण पुरुषका लागि प्रयोग गरिएको छ । उक्त शब्दले शरीरको भोगी भन्ने अर्थ बुझाउँछ । यसरी कवितामा प्रयुक्त गेहदासी शब्दले नारीले सिङ्गो परिवारका लागि त्याग गरेको तर पुरुष भने आफ्नो जैविक चाहना प्राप्तिमा केन्द्रित भई व्यक्तिस्वार्थभन्दा माथि उठ्न नसकेको विचार व्यक्त गरिएको छ । यसरी कवितामा प्रयुक्त गेहदासी र देहप्यासी शब्दद्वारा नारी र पुरुषका स्वभावगत तथा चरित्रगत भिन्नतालाई देखाएर कवितामा भावगत विपरीतता सिर्जना गरिएको छ। त्यसबाट कवितामा सुन्दर लय सिर्जना भएको छ। त्यसै गरी कविताको दोस्रो श्लोकको अन्तिम पाउमा नारीलाई अबला र वीराङ्गना दुई विपरीत पहिचानमा प्रस्तुत गरिएको छ। पहिलो पङ्क्तिमा- 'हाम्रै विगत युगको उच्च आदर्श राम्रो' भन्ने वाक्यांशद्वारा प्राचीन नेपाली जीवनशैलीलाई सङ्केत गरेको छ भने 'नौला मुलुकहरूको स्वच्छ आदर्श राम्रो' भन्ने वाक्यांशद्वारा आजको विश्वमा खुल्ला संस्कृतिले ल्याएको कृतिम र देखावटी आधुनिक जीवनशैलीलाई सङ्केत गरिएको छ। यसरी प्राचीन नेपाली संस्कृति पूर्वीय आर्य संस्कृतिमा आधारित संस्कृति हो । यो नयाँ मुलुकका संस्कृतिभन्दा पृथक छ। पूर्वीय सांस्कृतिक परम्परामा भिजेका कविले नेपाली नारीहरूले नेपाललगायत अन्य नयाँ मुलुकका संस्कृतिका

सुन्दर पक्षहरू अनुशरण गरुन् भन्ने चाहना व्यक्त गरेका छन् । यसले कविको वैचारिक वैपरीत्यलाई सङ्केत गरेको छ । जस्तै :

केही हाम्रै विगत युगको उच्च आदर्श राम्रो
केही नौला मुलुकहरुको स्वच्छ आदर्श राम्रो
यस्तै राम्रो जति छ त्यसको एक बाटो बनाऊँ
त्यै बाटामा सकल महिला-वर्गलाई हिडाऊ (गौतम र एटम, २०७४, पृ २०३)

उपर्युक्त कवितांशमा नारी पुरुषका स्वभावगत विपरीतता प्रस्तुत गरिएको छ । त्यसैगरी यसमा प्राचीनतम र अधुनातन युगीन संस्कृतिजन्य विपरीतता प्रस्तुत गरी दुवैको अनुशरण गर्न नारीलाई स्वतन्त्रता प्रदान गरिएको छ । प्रस्तुत कवितांशमा नेपाल र अन्य मुलुकका संस्कृतिगत विपरीतता देखाइएको छ । यसबाट कवितामा सुन्दर लय सिर्जना भई अर्थगाम्भीर्य प्रकट गरिएको छ ।

## ३.६ सम्बोधन

सम्बोधन पनि कवितामा लय सिर्जना गर्ने एउटा युक्ति हो । कवितामा लयसिर्जना गर्न अनि वक्ता र स्रोताबिचको संवेदात्मक सम्बन्धको सूचना दिन सम्बोधक शब्दको प्रयोग गरिन्छ । कवितामा कुनै व्यक्ति वा पात्र, नजिकको मान्छे, शत्रु, आशाभाव आदिलाई सम्बोधन गरेर लय सिर्जना गर्न सकिन्छ । सम्बोधनले कवितामा वक्ता र श्रोताबिच एकत्व सिर्जना गर्नुका साथै विशिष्ट लय सिर्जना गरी कवितामा मिठास ल्याउँछ । कसैलाई सम्बोधन गरी लेखिएका कवितामा सम्बोधक र सम्बोधित व्यक्ति स्पष्ट सङ्केत भएको हुन्छ । यसरी हेर्दा सम्बोधन कवितामा लय सिर्जना गर्ने एक आधारमात्र नभएर सुन्दर तरिका पनि हो ।

सम्बोधन प्रयोगका दृष्टिले विवेच्य कविताको विश्लेषण गर्दा यस कवितामा युगौँदेखि चल्दै आएको नारीपुरुषबिचको भेदभावपूर्ण सम्बन्ध हटेर समतामूलक समाजको निर्माण गर्न आग्रह गर्दै युवाहरूलाई सम्बोधन गरिएको छ । यसले कवितामा एकातिर विशिष्ट लयको सिर्जना गरी कवितालाई श्रुतिमधुर बनाएको छ भने अर्कातिर कविताको भावलाई गम्भीर र सशक्त बनाएको छ । जस्तै :

ल्याईदेऊ युवकहरू हो ! एक त्यस्तो समाज
जस्मा नारी पुरुष दुईकै मेटियोस भेदभाव

प्रस्तुत कवितांशमा नारीपुरुषबिचको भेदभाव हटाएर समतामूलक समाजको निर्माण गर्न युवकहरूलाई सम्बोधन गरिएको छ । यसले कवितामा मिठासपूर्ण लय सिर्जना गर्नुका साथै भावलाई सशक्त बनाएको छ

## ३.७ लेख्यचिह्नको प्रयोग

लेख्यचिह्न कवितामा लय सिर्जना गर्ने अर्को एउटा युक्ति हो । कवितामा गति, यतिको सङ्केतन लेख्य चिह्नहरूमार्फत भएको हुन्छ (शर्मा, २०७३, पृ. १६) । वक्ताको बोल्ने समय कुन ठाउँमा अडिन्छ भन्ने कुरा देखाउन तथा उसको समवेदना सङ्केत गर्न कवितामा लेख्यचिह्नहरूको प्रयोग गरिन्छ । कवितामा अल्पविराम, अर्धविराम तथा पूर्णविरामजस्ता चिह्नहरूले सामान्य विरामको मात्र सङ्केत गरेका हुन्छन्, तिनले अडिनुपर्छ भन्ने सङ्केत गरेका हुन्छन् तर योजक, कोष्टक, तिर्यक, विस्मयादिबोधक

तथा रिक्तताबोधक जस्ता चिह्नहरूले भने विशिष्ट समवेदनालाई प्रतिबिम्बित गरेका हुन्छन् । अतः लेख्यचिह्नहरूको प्रयोगले पनि कवितामा विशिष्ट लय सिर्जना गर्ने हुनाले यो पनि कवितामा लयसिर्जना गर्ने महत्त्वपूर्ण युक्ति हो ।

लेख्यचिह्न प्रयोगका दृष्टिले 'नारी : एक अनुरोध' कविताको विश्लेषण गर्दा यस कवितामा कुनै विषयको निश्चित सूचना दिने सूचक (:) चिह्न कविताको शीर्षकमै प्रयोग गरिएको छ, 'नारी : एक अनुरोध' (गौतम र एटम, २०७४, पृ. २०२) जसबाट कवितामा नारीहरूलाई पुरुष समान व्यवहार गर्न र नारीपुरुषबिचका विभेदकारी गतिविधि हटाउन युवकहरूलाई अनुरोध गरिएको भाव व्यक्त भएको छ । त्यस्तै कवितामा विस्मयादिबोधक (!) तथा योजक चिह्न (-) प्रयोग गरिएका छन् । उपर्युक्त चिह्नहरूमध्ये विस्मयादिबोधक चिह्नद्वारा कवितामा पुरुष लेखकद्वारा युवापुस्तालाई लैङ्गिक समानता कायम गर्न अनुरोध गरिएको छ । यसबाट कवितामा विशिष्ट लय सिर्जना गर्नुका साथै वर्तमान समाजमा सदियौंदेखि जरो गाडेर बसेको पितृसत्तात्मक वैचारिकता क्रमशः परिवर्तनको सङ्घारतर्फ उन्मुख हुन थालेको कुरा सङ्केत गरिएको छ । त्यस्तै कवितामा प्रयोग भएको योजक चिह्नद्वारा नारी पनि पुरुषसमान वर्ग हो । समाजमा नारीको पनि पुरुष बराबर भूमिका हुनेहुँदा उसको सामाजिक स्थान पनि पुरुषसमान हुनुपर्छ भन्ने तात्पर्यमा नारीलाई एउटा वर्गका रूपमा प्रस्तुत गरिएको छ । यस कवितामा हाम्रो देशका नारीहरूले नेपाली समाज तथा अन्य जगत्का भिन्न प्राचीन र आधुनिक संस्कृतिका उत्कृष्ट पक्षहरू अनुशरण गर्ने अवसर प्राप्त गरुन् भन्ने समानतामूलक भाव व्यक्त गर्दै समग्र नारीवर्गको उत्थानको कामना गरिएको छ । अतः उक्त चिह्नहरूले कवितामा विशिष्ट लय सिर्जना गरी भाव सबल बनाउन सहयोग पुऱ्याएका छन् ।

## ५. निष्कर्ष

लयविधान साहित्यका विभिन्न विधाहरूबाट कवितालाई छुट्टै पहिचान प्रदान गर्ने महत्त्वपूर्ण आधार हो । कुनै पनि कविता वा काव्यमा विशिष्ट भाषिक विन्यासबाट लय सिर्जना भएको हुन्छ । कविताको विधागत पहिचान भनेकै लय हो । कवितालाई अन्य विधाबाट अलग गराउने प्रमुख तत्त्व लयविधान भएकाले कवितामा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले कवितालाई श्रुतिमधुर बनाउँनाका साथै यसमा गेयात्मकताको सिर्जना गर्छ । कविताका गद्य र पद्य दुई रूपहरूमध्ये पद्य कविता शास्त्रीय नियममा आबद्ध हुने हुँदा तिनमा छन्दका नियमलाई अक्षरशः पालना गरिएको हुन्छ । त्यसैले त्यस्ता कवितामा स्वभाविक र सुनियोजित रूपमै लयको सिर्जना भएको हुन्छ । यसमा अक्षर संरचना गति, यति र मात्रा आदिले लयलाई प्रभावकारी बनाएका हुन्छन् तर गद्यकवितामा छन्दको सुनियोजित बन्धन हुँदैन तापनि तिनमा पनि आन्तरिक लयविधान भने हुन्छ । पङ्क्तिविन्यास, अनुप्रास, शब्दहरूको विपरीतता, लेख्यचिह्नहरूको प्रयोग, विचलन तथा सम्बोधन आदि कवितामा लय सिर्जना गर्ने प्रमुख आधार हुन् । 'नारी : एक अनुरोध' कवितामा लयविधान शीर्षकको यस लेखमा कवितामा लय सिर्जना गर्ने उपर्युक्त युक्तिहरूका आधारमा कविताको विश्लेषण गरिएको छ । प्रस्तुत कविता मन्दाक्रान्ता छन्दमा संरचित भएकाले यसको पङ्क्तिविन्यास सुनियोजित छ । शब्दालङ्कारको विशिष्ट प्रयोग भएको प्रस्तुत कवितामा व्याकरणिक पदक्रमको विचलन हुनाका साथै वैचारिक विचलन पनि भएको छ । नारीलाई गेहदासी र पुरुषलाई

देहप्यासीका रूपमा प्रस्तुत नगर्न आग्रह गरिएको यस कवितामा नारी र पुरुषका चरित्रगत भिन्नतालाई देखाइएको छ । नारीलाई अबला र वीराङ्गनाजस्ता विपरीत अर्थमा प्रयोग गरिएको यस कवितामा प्राचीन पूर्वीय नेपाली संस्कृति तथा अधुनातन नयाँ मुलुकका संस्कृति आफैंमा विपरीतधर्मी भए पनि ती दुवैका सुन्दर पक्षहरू नेपाली नारीहरूले अनुशरण गरुन् भन्ने चाहना व्यक्त गरिएको छ । यसले कवितामा विपरीतताको स्थिति सिर्जना गरेको छ । पितृसत्तात्मक संस्कृति बोकेको नेपाली समाजमा पुरुषबाट नारीपुरुषबिचको भेदभाव हटेर समतामूलक समाजको निर्माणको चाहना व्यक्त गरिनु सकारात्मक पक्ष हो । युगौंदेखि चल्दै आएको नारीपुरुषबिचको भेदभावपूर्ण सम्बन्ध हटेर समतामूलक समाजको निर्माण गर्न आग्रह गर्दै युवाहरूलाई सम्बोधन गरिएको यस कवितामा कुनै विषयको निश्चित सूचना दिने सूचक चिह्न कविताको शीर्षकमै प्रयोग गरिएको छ । त्यस्तै कवितामा विस्मयादिबोधक तथा योजक चिह्नहरू प्रयोग गरिएका छन् । उक्त चिह्नहरूमध्ये विस्मयादिबोधक चिन्हद्वारा कवितामा पुरुष युवापुस्तालाई लैङ्गिक समानता कायम गर्न अनुरोध गरिएको छ । त्यस्तै योजक चिह्नले नारी पनि पुरुषसमान समाजको एउटा वर्ग हो भन्ने भाव व्यक्त गर्दै लैङ्गिक समानता कायम गर्न खोजिएको छ । यसरी शास्त्रीय छन्दमा लेखिएको प्रस्तुत कवितामा लय सिर्जना गर्ने पङ्क्तिविन्यास, समानान्तरता, विचलन, विपरीतता, सम्बोधन र लेख्यचिह्नहरूको प्रयोग आदि युक्तिहरूको सुन्दर प्रयोग गरिएका कारण प्रस्तुत कविता लयविधानका दृष्टिले उत्कृष्ण रहेको निष्कर्ष  यस लेखमा निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०४८). *पूर्वीय समालोचनाको सिद्धान्त* (चौथो संस्क.). काठमाडौँ : एन, एन आर प्रेस ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

उपाध्याय, मुकुन्दशरण (२०७४). नारी एक : अनुरोध. लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.) *प्रज्ञा आधुनिक नेपाली कविता,* (पृ. २०२-२०३). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठन ।

जोशी, होमनाथ (सन् २०२४). पागल कवितामा लय विधान. *डि. एम. सि. रिसर्च जर्नल,* ६(१), पृ.१२-२१ । https://doi.org/10.3126/dmcrj.v6i01.73742

थापा, हिमांशु (२०५०). *साहित्य परिचय* (चौथो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५४). *नेपाली कवितासङ्ग्रह भाग ४.* काठमाडौ : साझा प्रकाशन ।

नेपाल, देवी (२०६८). *काव्य समालोचना.* काठमाडौँ : ऐरावती प्रकाशन प्रा. लि. ।

बुढा, वीरेन्द्रकुमार (सन् २०२१). हल्ला कवितामा लयविधान. *प्रवासन,* ९(१), पृ. ६४-७२ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६४). *कवितात्मक सिद्धान्त र नेपाली कविताको इतिहास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, तर्कना (२०७३). *प्रयोगशालाको प्रयोग.* काठमाडौँ : पुष्प मिडिया प्रा.लि. ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।